# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७६/०७७

च.न.:

मिति:-२०७७|०२|२८

बिषय:- प्रेश बिज्ञप्ति |

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयको मिति २०७७/०२/२८ गते को प्रेश बिज्ञप्ति अनुसार देवचुली नगरपालिका वडा नम्बर ४ का बर्ष ४० का पुरुष मा कोरोना संक्रमण पुष्टि भएको छ | निज व्यक्ति भारतको दिल्ली बाट मिति २०७७/०२/१० गते पैदल तथा बसबाट यात्रा गरि मिति २०७७/०२/१२ गते सुनौली नाका आई पुगेको र त्यहाँ बाट २०७७/०२/१५ गते नेपाल प्रवेश गरि त्याहा बाट बस मार्फत यात्रा गरि कावासोती सम्म आएको र कावासोती बाट देवचुली नगरपालिकाको जिप मार्फत देवचुली नगरपालिका आई पुगी मिति २०७७/०२/१५ गते वडा नं १ मा रहेको नेपाल नमुना मा वि को क्वारेन्टाइनमा बस्नु भएको थियो | उहाँको मिति २०७७/०२/२८ गते बिहान ६ बजे सामुदायिक प्राकृति चिकित्सालयको Isolation ward मा भर्ना गरिएको छ र हाल निजको स्वास्थ्य अवस्था सामान्य रहेको छ | उहाँ देवचुली नगरपालिकाको क्वारेन्टाइनमा बस्दा कोहि कसैको सम्पर्कमा नरहेको तथा देवचुली नगरपालिकामा आफन्त तथा अन्य व्यक्तिहरु संग सम्पर्कमा नरहेको व्यहोरा अनुरोध गरिन्छ | साथै देवचुली नगरपालिकाका विभिन्न क्वारेन्टाइनमा रहेका अन्य ६९ जनाको मिति २०७७|/०२/२२ गते स्वाब (PCR) संकलन गरिएको मा १७ जनाको परिक्षण भएको मा अन्य १६ जनाको रिपोर्ट नेगेटिभ आएको अन्य ५२ जनाको रिपोर्ट आउन बाकि रहेको छ | देवचुली नगरपालिकामा हाल Covid-19 बाट संक्रमितहरुको संख्या ५ जना पुरुष र एक जना महिला ( माइती घर देवचुली रहेको समेत जसले हाल पूर्ण स्वास्थ्य लाभ गरि सक्नु भएको ) गरि जम्मा ६ जना रहेको छ | देवचुली नगरपालिका नगरबासीको स्वास्थ्य प्रति सम्बेदनशील छ | देवचुली नगरपालिका उहाँ हरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ | यस संकटको घडीमा संयमित भइ सरकारले जारि गरेको लकडाउन को पूर्ण पालना गरि Covid-19 को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणमा सहयोग गर्नुहुन सम्पूर्ण नगरवासीमा अनुरोध गरिन्छ |

.............................................

क्या. डिल बहादुर खत्री
नगर प्रवक्ता